आर्थिक वर्ष २०८२/०८३ को

नीति तथा प्रमुख कार्यक्रम र बजेटको कार्ययोजना कार्यान्वयनको

# २०८२ मङ्सिर महिनासम्मको प्रगति (सारांश)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

# विषयसूची


विषयसूची........ i
तालिका सूची........ ii
लेखाचित्र/वृत्तचित्र सूची........ iii
सङ्क्षेपीकरणको सूची........ iv
वाक्य विश्लेषण........ v

**१. पृष्ठभूमि........ १**
**२. कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति........ ५**
**३. राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति........ १४**
३.१ राजस्व सङ्कलनको प्रगति स्थिति........ १४
३.२ खर्चसम्बन्धी प्रगति स्थिति........ १५
३.३ मन्त्रालयगत पुँजीगत खर्चको विवरण........ १६
**४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति........ १८**
४.१ क्रियाकलापको प्रगति स्थिति........ १८
४.२ माइलस्टोनको प्रगति स्थिति........ १९
**५. क्षेत्रगत प्रगति स्थिति........ २२**
५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति........ २२
५.२ पूर्वाधार क्षेत्रको प्रगति स्थिति........ २६
५.३ शासकीय सुधार क्षेत्रको प्रगति स्थिति........ २९
५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति........ ३४
**६. मन्त्रालय/ निकायगत माइलस्टोनको २०८२ मङ्सिरसम्मको प्रगति........ ३७**
**७. समस्या र कारणहरूको विश्लेषण........ ३९**
**८. सुझावहरू........ ४५**


८।५।६।७

## तालिका सूची



| तालिका नं. | विषय | पेज नं. |
|---|---|---|
| १ | प्रमुख कार्यसम्पादन सूचकको प्रगति स्थिति | ५ |
| २ | राजस्व सङ्कलनको प्रगति स्थिति | १४ |
| ३ | सरकारी खर्चको प्रगति स्थिति | १५ |
| ४ | मन्त्रालयगत पुँजीगत खर्च | १६ |
| ५ | क्रियाकलापहरूको प्रगति स्थिति | १८ |
| ६ | सम्पन्न हुनुपर्ने माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति | २० |
| ७ | सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति | २१ |
| ८ | क्रियाकलापको प्रगति स्थिति:आर्थिक क्षेत्र | २२ |
| ९ | सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति:आर्थिक क्षेत्र | २३ |
| १० | सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: आर्थिक क्षेत्र | २४ |
| ११ | चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति: आर्थिक क्षेत्र | २५ |
| १२ | क्रियाकलापको प्रगति स्थिति: पूर्वाधार क्षेत्र | २६ |
| १३ | सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति:पूर्वाधार क्षेत्र | २७ |
| १४ | सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: पूर्वाधार क्षेत्र | २८ |
| १५ | चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति: पूर्वाधार क्षेत्र | २८ |
| १६ | क्रियाकलापको प्रगति स्थिति:शासकीय सुधार क्षेत्र | २९ |
| १७ | सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति:शासकीय सुधार क्षेत्र | ३० |
| १८ | सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: शासकीय सुधार क्षेत्र | ३१ |
| १९ | चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति: शासकीय सुधार क्षेत्र | ३३ |
| २० | क्रियाकलापको प्रगति स्थिति: सामाजिक क्षेत्र | ३४ |
| २१ | सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति:सामाजिक क्षेत्र | ३५ |
| २२ | सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: सामाजिक क्षेत्र | ३६ |
| २३ | चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति: सामाजिक क्षेत्र | ३६ |
| २४ | सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगतिस्थिति | ३७ |
| २५ | निर्धारित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको विषय | ३९ |
| २६ | निर्धारित लक्ष्य हासिल हुनुपर्नेमा चालु अवस्थामा रहेका माइलस्टोनको प्रगति स्थिति | ४० |
| २७ | लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्या | ४२ |
| २८ | लक्ष्य हासिल हुन नसक्नुका मन्त्रालय/निकायगत कारण | ४३ |

## लेखाचित्र/वृत्तचित्र सूची


| चित्र नं. | विषय | पेज नं. |
|---|---|---|
| १ | लक्ष्यको तुलनामा राजस्व सङ्कलन | १४ |
| २ | लक्ष्यको तुलनामा कुल खर्च | १५ |
| ३ | मन्त्रालयहरूको पुँजीगत खर्च | १७ |
| ४ | सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति | १८ |
| ५ | सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति | १९ |
| ६ | सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलना | १९ |
| ७ | सुरु हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति | २० |
| ८ | सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक स्थिति: आर्थिक क्षेत्र | २३ |
| ९ | सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक स्थिति: पूर्वाधार क्षेत्र | २७ |
| १० | सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक स्थिति:शासकीय सुधार क्षेत्र | ३१ |
| ११ | सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक स्थिति: सामाजिक क्षेत्र | ३५ |
| १२ | सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनमध्ये सुरु नभएको प्रतिशत | ४१ |

# सङ्क्षेपीकरणको सूची

**(क) नेपाली**

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| कि.मी. | किलोमिटर |
| क्र.सं. | क्रम सङ्ख्या |
| क्यु.फि. | क्युबिक फिट |
| प्र.म.तथा म.प.का. | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| मे.ट. | मेट्रिक टन |
| मे.वा. | मेगावाट |
| स.कि.मी. | सर्किट किलोमिटर |

**(ख) अङ्ग्रेजी**

| | |
|---|---|
| COPOMIS | Co-operative and Poverty-Related Management Information System |
| DPR | Detailed Project Report |
| EIA | Environmental Impact Assessment |
| IEE | Initial Environmental Examination |
| IT | Information Technology |

वाक्यविश्लेषण

१. **क्रियाकलाप-** कुनै विशेष उद्देश्य वा लक्ष्य प्राप्त गर्नका लागि गरिने मुख्य कामको गतिविधि

२. **माइलस्टोन-**कुनै क्रियाकलाप प्राप्तिको क्रममा निश्चित समयसीमाभित्र पुग्नु पर्ने लक्ष्य निर्धारण सहितको महत्त्वपूर्ण मापनयोग्य प्रगति वा उपलब्धि जनाउने बिन्दु।

३. **मङ्सिर महिनासम्ममा सम्पन्न हुनुपर्ने क्रियाकलाप/माइलस्टोन -** मङ्सिर महिनासम्ममा सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका क्रियाकलाप/माइलस्टोन।

४. **मङ्सिर महिनासम्ममा सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोन-** साउन महिनादेखि मङ्सिर महिनासम्ममा सुरु भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछिल्ला महिनाहरूमा सम्पन्न हुनेगरी निर्धारण गरिएका माइलस्टोन।

५. **लक्ष्य प्राप्त भएका-** तोकिएको महिनामा सुरु भई निर्धारित लक्ष्य प्राप्त भइसकेका चालु अवस्थाका माइलस्टोन।

६. **लक्ष्य प्राप्त नभएका-** तोकिएको महिनामा सुरु भई निर्धारित लक्ष्य प्राप्त हुन नसकेका चालु अवस्थाका माइलस्टोन।

७. **सुरु नभएका-** तोकिएको समयभित्र सम्पन्न हुनुपर्ने वा निश्चित लक्ष्यसहित सुरु हुनुपर्नेमा सुरु हुन नसकेका क्रियाकलाप/माइलस्टोन।

## १. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। कार्ययोजना तर्जुमा गर्दा सञ्चालन हुने क्रियाकलापहरू, तिनसँग जोडिएका प्रक्रियागत तथा नतिजामुखी माइलस्टोनहरू र कार्यान्वयनपछि मन्त्रालय/निकायहरूले आवधिक रूपमा हासिल गर्ने नतिजा सूचकहरूको रूपरेखासमेत निर्धारण गरिन्छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनहरूको प्रगति प्रतिवेदन गर्न एकीकृत अनलाइन अनुगमन प्रणाली लागु गरिएको छ, जसमा प्राप्त विवरणहरूका आधारमा आवधिक प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

एकीकृत अनलाइन अनुगमन प्रणालीले अनुगमन पद्धतिलाई नतिजामुखी बनाई लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याएको छ। यसले कार्यसम्पादन गर्ने निकायहरूबाट विभिन्न निकायहरूमा छुट्टाछुट्टै पेस हुने प्रतिवेदनहरूलाई एउटै प्रणालीमार्फत एकीकृत गर्दै अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गरेको छ, साथै यस्ता सूचना तथा प्रतिवेदनहरूलाई सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन मदत गरेको छ। यसबाहेक, कार्यसम्पादनको वस्तुगत जानकारी, देखिएका समस्या र तिनका समाधानका उपायहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा पनि सघाउ पुऱ्याएको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८२ साल वैशाख १९ गते गर्नु भएको नीति तथा कार्यक्रमको सम्बोधन तथा माननीय अर्थमन्त्रीज्यूबाट सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल ट्रष्टको कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको महान्यायाधिवक्ताको कार्यालय र महालेखा नियन्त्रकको कार्यालय गरी ३० वटा मन्त्रालय/निकायहरूको कार्ययोजनालाई एकीकृत अनलाइन अनुगमन प्रणालीबाट अनुगमन गर्ने उद्देश्य राखिएको छ।

एकीकृत अनलाइन अनुगमन प्रणालीबाट अनुगमन गर्ने प्रयोजनका लागि माइलस्टोन तयार गर्दा मन्त्रालयहरूले स्वीकृत गरी लागु गर्ने निर्देशिका, कार्यविधि, मार्गदर्शन संशोधन र स्वीकृति, लागत अनुमान तयार, बोलपत्र आह्वान बाहेकका सूचना प्रकाशन, कुनै कार्य गर्न कार्यदल/समिति गठन,

ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, अध्ययन प्रतिवेदन आदिका मस्यौदा तयार, मन्त्रालयस्तरीय समीक्षा, कार्यशाला, सेमिनार, गोष्ठी, तालिम प्रदान गर्ने मुख्य कार्यक्षेत्र भएका निकायहरू बाहेक अन्य निकायहरूबाट प्रदान हुने कर्मचारी क्षमता अभिवृद्धि तालिम, कर्मचारी प्रशासनसम्बन्धी कार्य, वैदेशिक सहायता प्रतिबद्धता प्राप्त नभएका एवम् स्रोत सुनिश्चितता प्राप्त नभएका कार्यहरूलाई माइलस्टोनमा समावेश नगरी प्रक्रियागतभन्दा नतिजामुखी माइलस्टोनलाई प्राथमिकता दिइएको थियो।

घोषित नीतिहरूको कार्यान्वयनका लागि ती नीतिसँग सम्बन्धित क्रियाकलापहरूलाई आबद्ध गर्दै समयतालिकासहितको कार्ययोजना तयार गरी लागु गर्ने क्रममा आ.व. २०८२/०८३ को वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा विभिन्न चरणहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायहरूको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप दिइएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता विश्लेषण गरी एकअर्कासँग जोड्ने प्रयास गरिएको थियो। कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालय/निकायहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी बजेट कार्यान्वयन मार्गदर्शनलाई प्रमुख आधार बनाइएको थियो। उक्त मार्गदर्शनअनुसार मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू जस्तै नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानुन संशोधन, आयोजना तथा क्रियाकलाप सञ्चालनका लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्र सम्झौताजस्ता माइलस्टोनको समय सामान्यत: प्रथम त्रैमासिकमा निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप दिइएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र बजेट वक्तव्यमा उल्लिखित विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरूलाई निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरूबीच मिति २०८२/०४/२९ मा कार्यसम्पादन सम्झौता भएको थियो।

आर्थिक वर्ष २०८१/०८२ को कार्ययोजनामा कुल क्रियाकलाप ९९६ र माइलस्टोन १,९०० रहेकोमा सम्पादन गर्नुपर्ने कार्यको प्राथमिकता र नतिजासमेतलाई ध्यानमा राखी प्रक्रियागत रूपमा रहेका माइलस्टोनलाई हटाइएको तथा नतिजामा बढी केन्द्रित गरिएको हुँदा चालु आर्थिक वर्षमा ७०३ क्रियाकलाप र १,०८८ माइलस्टोनका साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालय र लगानी बोर्डको कार्यालय, नेपाल ट्रष्टको कार्यालय,

महान्यायाधिवक्ताको कार्यालय र महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयसमेतका ३९२ वटा नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो।

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/०६/०५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारू, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरूत्थान र राहतसमेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी निर्णय कार्यान्वयन गर्ने/गराउने भनी अर्थ मन्त्रालयको च.नं. ११६, मिति २०८२/०६/०७ गतेको पत्रबाट उल्लेख भई आएको थियो। आर्थिक वर्ष २०८२/०८३ को माइलस्टोन तथा प्रमुख कार्य सम्पादन सूचक, आयोजनाको ठेक्काको विवरण, आयोजनाको भौतिक र वित्तीय लक्ष्य स्वदेशी/विदेशी स्रोत रोक्का/कटौती भएका कारण प्रभावित भएका माइलस्टोन तथा सूचक अद्यावधिक गर्ने प्रयोजनका लागि मिति २०८२/०६/३० को नेपाल सरकार मुख्यसचिवस्तरीय निर्णयानुसार मन्त्रालयहरूबाट प्राप्त विवरणअनुसार २० वटा क्रियाकलाप र २७ वटा माइलस्टोन प्रणालीबाट हटाई जम्मा ६८३ क्रियाकलाप र १,०६१ माइलस्टोनहरू कायम गरिएको छ।

प्रस्तुत प्रतिवेदनमा मन्त्रालय/निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति र चालु आर्थिक वर्षको मङ्सिर महिनासम्मको बजेट खर्च स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएका, नेपाल राष्ट्र बैंक र महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणमा आधारित छन्।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०६/०५ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत रहेका राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालयमातहत तथा राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमातहत राख्ने निर्णय भएको हुँदा उक्त विभागहरूको वार्षिक कार्ययोजनालाई चालु आर्थिक वर्षको असोज महिनादेखि सम्बन्धित मन्त्रालयमातहत राखिएको छ।

एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि तर्जुमा गरिएको मन्त्रालय/निकायहरूको कार्ययोजना कार्यान्वयनको प्रगति अवस्थालाई विश्लेषण गर्न मन्त्रालय तथा निकायहरूलाई कार्यप्रकृतिका आधारमा ४ वटा प्रमुख क्षेत्रमा विभाजन गरिएको छ। प्रमुख क्षेत्र र ती क्षेत्र अन्तर्गत रहने मन्त्रालय/निकायहरू वेहायअनुसार छन्-

क. **आर्थिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय गरी ६ वटा मन्त्रालयहरू र लगानी बोर्डको कार्यालयसमेत गरी ७ वटा निकायहरू समावेश छन्।

ख. **पूर्वाधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

ग. **शासकीय सुधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल ट्रष्टको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र महालेखा नियन्त्रकको कार्यालय गरी १३ वटा मन्त्रालय/निकायहरू समावेश छन्।

घ. **सामाजिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

## २. कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

- आर्थिक वर्ष २०८२/८३ का लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसहित सबै मन्त्रालयहरू र लगानी बोर्डको कार्यालय समेतका ३९२ वटा प्रमुख कार्यसम्पादन सूचकहरू एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। प्रणालीमा प्रविष्ट सूचकमध्ये मङ्सिर महिनासम्मका लागि २६५ वटा सूचकहरूको लक्ष्य निर्धारण गरिएकोमा १०७ वटा सूचकहरूले लक्ष्य प्राप्त गरेका र १५८ वटा सूचकहरूले लक्ष्य प्राप्त गर्न नसकेको अवस्था छ। मङ्सिर महिनासम्ममा निश्चित लक्ष्य तोकिएका र प्रगति प्रविष्टि गरिएका केही प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

### तालिकाः१- प्रमुख कार्यसम्पादन सूचकको प्रगति स्थिति

| क.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | चालु आ.व.मा हेलो सरकारमा प्राप्त गुनासो फछ्र्यौट | प्रतिशत | ५४ | ६० | २५ | ३९.४१ | प्र.म. तथा म.प.का. |
| २ | मन्त्रिपरिषद्‌को निर्णय कार्यान्वयन | प्रतिशत | १०० | १०० | १०० | १०० | प्र.म. तथा म.प.का. |
| ३ | हेलो सरकारमा हालसम्म प्राप्त गुनासोको औसत फछ्र्यौट | प्रतिशत | ६५ | १५ | ६९.५ | ६६.०१ | प्र.म. तथा म.प.का. |
| ४ | वैदेशिक सहायता प्राप्ति | रु.अर्ब | १५८.२ | २८७ | ९९ | ४१.३६ | अर्थ |
| ५ | राजस्व परिचालन (बाँडफाँट हुने राजस्व समेत) | रु अर्ब | ११९६.२ | १४८० | ५२०.३३ | ४०९.७८ | अर्थ |
| ६ | औसत उपभोक्ता मुद्रास्फिति* | प्रतिशत | ४.०६ | ५.५ | ५.५ | १.११ | अर्थ |
| ७ | भुक्तानी सन्तुलन | रु अर्ब | ५९४.५४ | २०० | ८३.३३ | ३१८.४ | अर्थ |
| ८ | चालुखाता सन्तुलन* | रु अर्ब | ४०९.२ | ११६ | ४८.३३ | २७९.६५ | अर्थ |
| ९ | विदेशी विनिमय सञ्चितिको न्यूनतम पर्याप्तता (वस्तु तथा सेवा) | महिना | १५.४ | ७ | ७ | १७.४ | अर्थ |
| १० | साना किसान विकास लघुवित्त वित्तीय संस्थामा लगानी/ अनुदानबाट रोजगारी सङ्ख्या | कार्यदिन (हजार) | ० | २७६७ | ५५३ | ६२५ | अर्थ |
| ११ | बीमाको पहुँच विस्तार (दायरामा आएको जनसङ्ख्या) | प्रतिशत | ४९ | ५ | ५० | ४९.१२ | अर्थ |
| १२ | सङ्घीय पुँजीगत खर्चमा सहजीकरण | प्रतिशत | ० | १०० | १०० | १०० | अर्थ |
| १३ | उद्योगहरूमा वैदेशिक लगानी स्वीकृति | रु. अर्ब | ३४१ | ६५ | २५ | ३८.५९ | उद्योग |

| क.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| १४ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात | मे.टन (हजार) | २५ | २५ | २५ | २१ | उद्योग |
| १५ | सार्क खाद्य बैंकमा खाद्यान्न मौज्दात | मे.टन (हजार) | ८ | ८ | ८ | ८ | उद्योग |
| १६ | निःशुल्क कानुनी सहायता प्राप्त व्यक्ति | वटा | १७०० | ३०० | ५० | ८७९ | कानुन |
| १७ | राजपत्र सम्पादन | वटा | ५६६ | २६० | ११० | ३७ | कानुन |
| १८ | सम्पूर्ण कागजात प्राप्त भएको २० दिनभित्र राय सहमति प्रदान | प्रतिशत | १०० | १०० | १०० | १०० | कानुन |
| १९ | सम्पूर्ण कागजात प्राप्त भएको २० दिनभित्र नयाँ विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान | प्रतिशत | १०० | १०० | १०० | १०० | कानुन |
| २० | सम्पूर्ण कागजात प्राप्त भएको २५ दिनभित्र नयाँ विधेयक तथा नियममा तर्जुमा सहमति प्रदान | प्रतिशत | १०० | १०० | १०० | १०० | कानुन |
| २१ | सम्पूर्ण कागजात प्राप्त भएको २० दिनभित्र संशोधन विधेयक तथा नियममा तर्जुमा सहमति प्रदान | प्रतिशत | १०० | १०० | १०० | १०० | कानुन |
| २२ | नेपाल भूसूचना प्रणाली (NeLIS) मार्फत सेवा प्रवाह हुने नापी कार्यालयको सङ्ख्या | कार्यालय | ९२ | ४३ | १०५ | १०६ | भूमि |
| २३ | जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी | सङ्ख्या (हजारमा) | ५ | ५०० | २० | ९,०१२ | भूमि |
| २४ | COPOMIS प्रणाली सञ्चालन भएका सहकारी सङ्ख्या | सङ्ख्या (हजार) | १९,१८९ | ०,८११ | १९,५१ | १९,२८६ | भूमि |
| २५ | रासायनिक मल आपूर्ति | मे.टन (हजार) | ३९३ | ५५० | २५० | ३०६,०५४ | कृषि |
| २६ | किसान सूचीकरण | सङ्ख्या (हजार) | २३७० | २४० | २४८० | २३८३ | कृषि |
| २७ | दुध उत्पादन | मे.टन (हजार) | २७५१ | २७५१ | १३७.८ | ६८८ | कृषि |

| क्र.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| २८ | माछा भुरा उत्पादन | क्यु. फिट (लाख) | ७८१.६ | ७८२ | १३८.११ | १५७.९२ | कृषि |
| २९ | मासु उत्पादन | मे.टन (हजार) | ४६४ | ५०३ | १२६ | १२८ | कृषि |
| ३० | अण्डा उत्पादन | गोटा (लाख) | १६८०० | १६८०० | ४२०० | ४२८० | कृषि |
| ३१ | कृत्रिम गर्भाधान | सङ्ख्या (हजार) | ७५३ | ८५० | ३२२.५ | ३१७.३८ | कृषि |
| ३२ | बाली बीमालेख | सङ्ख्या (हजार) | १.६३४ | २.५ | ०.४ | ०.५४६ | कृषि |
| ३३ | खाद्य वस्तुमा विषादी अवशेषको परीक्षण | सङ्ख्या (हजार) | ९५ | ९५ | ३३.४२८ | ३८.७२२ | कृषि |
| ३४ | निर्माण भएका सुरक्षित नागरिक आवास | वटा (हजार) | ९२.९९८ | ५ | ९३.९९८ | ९३ | शहरी |
| ३५ | शहरी सडक निर्माण तथा स्तरोन्नति | कि.मि. | ३८०० | ५६२ | ३८५६.२ | ३८६५ | शहरी |
| ३६ | निर्माण भएका ग्रामीण कालोपत्रे सडक | कि.मि. | ५०९३ | ३०० | ५१२३ | ५०९८ | शहरी |
| ३७ | निर्माण भएका झोलुङ्गे पुल | वटा | ११२२५ | २०० | ११२४५ | ११२३० | शहरी |
| ३८ | निर्माण भएका स्थानीय तहको प्रशासकीय भवन | वटा | ३६७ | ६० | ३७३ | ३७४ | शहरी |
| ३९ | साना सिँचाइबाट सिँचित क्षेत्रफल | हेक्टर | ३९३८५ | ३७०० | ३९९५५ | ४१५५३ | शहरी |
| ४० | त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशाला कीर्तिपुर निर्माण | भौतिक प्रगति प्रतिशत | १२ | २० | २० | २२ | शहरी |
| ४१ | WASH Plan तयार भएका स्थानीय तह | स्थानीय तह | ३११ | ५९ | ३२० | ३१९ | खानेपानी |
| ४२ | एक घर एक धाराको नक्शाङ्कन भएका घर परिवार | सङ्ख्या (हजार) | ११२४ | २०० | ११५० | ११४५ | खानेपानी |
| ४३ | अपराधका घटनाको अनुसन्धान प्रतिशत | प्रतिशत | ८३.०६ | ७९ | ७६.२ | ६२.५ | गृह |
| ४४ | सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति | जना | २५४९ | १२२४ | ४०० | ४५८ | गृह |
| ४५ | सडक दुर्घटनाबाट घाइते भएका व्यक्ति | जना (हजार) | ४४,२५९ | २२,३१४ | १४ | ११.०४६ | गृह |

| क.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| ४६ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७७.४३ | ८० | ७८.४ | ८६.९८ | गृह |
| ४७ | विपद्का घटनाबाट मृत्यु हुने व्यक्ति | सङ्ख्या (प्रति लाख) | २.२ | १ | ०.२ | ०.५३१ | गृह |
| ४८ | विपद्का घटनाबाट प्रभावित परिवार सङ्ख्या | सङ्ख्या | १७९१६ | ३७०० | १८०० | ३५५०८ | गृह |
| ४९ | राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ७५ | ९० | ७८ | ९४.३९ | गृह |
| ५० | राष्ट्रिय परिचयपत्र वितरण | सङ्ख्या (हजार) | ३००० | २००० | ३८०० | ३६८९ | गृह |
| ५१ | सिँचाइ सुविधा (सङ्घीयस्तर मात्र) | हेक्टर (हजार) | १५८६.३ | ६.७५ | १५८६.५ | १५८६.५७ | ऊर्जा |
| ५२ | ठूला तथा मझौला नदीमा तटबन्ध निर्माण | कि.मि. | १४७७.६ | ४७.२ | १४७७.८ | १४८१.७७ | ऊर्जा |
| ५३ | सतह सिँचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर (हजार) | १०३४.४ | ६.०५ | १०३४.५ | १०३४.४७ | ऊर्जा |
| ५४ | विद्युत जडित क्षमता | मे.वा. | ३९६० | ६६६ | ४१२६.५ | ४०४६ | ऊर्जा |
| ५५ | ६६ के.भि. भन्दा बढी प्रसारण लाइन निर्माण | सर्किट कि.मि. | ७९६१ | ६६८ | ७३२८ | ७९१.७२ | ऊर्जा |
| ५६ | ३३ के भि प्रसारण लाईन विस्तार | सर्किट कि.मि. | ८०५८ | २८१ | ८१२८.३ | ८१८९.२२ | ऊर्जा |
| ५७ | विद्युत निर्यात | गिगा वाट आवर | २३३२ | ४९२९ | ३७३० | २७३३.२ | ऊर्जा |
| ५८ | विद्युत आयात | गिगा वाट आवर | १७१२ | १२६० | ६७ | ७.१८ | ऊर्जा |
| ५९ | नियोगमार्फत आर्थिक कूटनीतिका कार्यक्रमहरूको सञ्चालन | सङ्ख्या | २०० | २७० | ३५ | ४५ | परराष्ट्र |
| ६० | विद्युतीय राहदानी वितरण | सङ्ख्या (प्रति हजार) | ४७३५ | ११०० | ४५० | ३९१ | परराष्ट्र |
| ६१ | कन्सुलर सेवा अन्तर्गत कागजात प्रमाणीकरण | सङ्ख्या (हजार) | ७४७५९ | ५०० | २०० | २६७ | परराष्ट्र |
| ६२ | विदेशमा समस्यामा परेका नेपालीको उद्धारमा सहजीकरण | प्रतिशत | १०० | १०० | १०० | १०० | परराष्ट्र |

| क्र.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| ६३ | विदेशमा समस्यामा परेका नेपालीलाई कानुनी सहायता एवं परामर्श प्रदान | प्रतिशत | १०० | १०० | १०० | १०० | परराष्ट्र |
| ६४ | पुल निर्माण | वटा | ३५३७ | १६२ | ३५४८ | ३५४७ | भौतिक |
| ६५ | सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण | सङ्ख्या (लाख) | ४०.७६ | ६ | ४३.१ | ४०.८९ | भौतिक |
| ६६ | इम्बोस्ड नम्बर प्लेट वितरण | सङ्ख्या (हजार) | ७४४.०५ | २५० | ८०० | ८३१.०२९ | भौतिक |
| ६७ | कर्णाली कोरिडोर (लालिघर-दुल्लिकुआ र घाटपारीचौर-चढीगाउँ-भुक्काखोला खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | कि.मि. | १६ | ०.५ | १६.१८ | १६.१८ | रक्षा |
| ६८ | उत्तर दक्षिण राजमार्ग, कोशी कोरिडोर, खाँदबारी - किमाथाङ्का सडक(च्याम्ताङ-थोङ्ग्पा खण्ड), ट्रयाक स्तरोन्नति | कि.मि. | ० | ४.३१ | २.१ | २.१ | रक्षा |
| ६९ | महाकाली कोरिडोर दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | कि.मि. | १७.५ | २.३ | १९.५५ | १८.३१ | रक्षा |
| ७० | बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | कि.मि. | ४० | ०.८ | ४०.५८ | ४०.५८ | रक्षा |
| ७१ | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) निर्माण कार्यको समष्टिगत भौतिक प्रगति | प्रतिशत | ७४.०४ | २५.९६ | ८१.७४ | ८१.७४ | रक्षा |
| ७२ | सामुदायिक विपद् प्रतिकार्य तालिम | जना | ४३६२५ | १५००० | ४७०९५ | ४९७६० | रक्षा |
| ७३ | काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | प्रतिशत | ४२.१३ | १५ | ४७.७३ | ४४.४३ | रक्षा |
| ७४ | वनक्षेत्रबाट सङ्कलित (मु.अ. कर बाहेकको) राजस्व रकम | रु अर्ब | १.५ | १.५ | ०.५ | १.५५ | वन |
| ७५ | काठ उत्पादन | क्यु. फिट (लाख) | ३९९.८५ | ३०० | ९० | ८३.१९ | वन |

| क.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| ७६ | झाउरा उत्पादन | चट्टा (हजार) | ४८.२१ | ४२ | ०.७५ | ०.०४ | वन |
| ७७ | उत्पादित काठ बिक्री | क्यु. फिट (लाख) | ३८१.७५ | ३५० | ९० | ९६.१९ | वन |
| ७८ | पानी मुहान र पोखरी संरक्षण | सङ्ख्या | ३६५ | २५३ | १० | ६ | वन |
| ७९ | सिमसारक्षेत्र व्यवस्थापन | वटा | ० | ४३ | ३ | १ | वन |
| ८० | उद्योग प्रतिष्ठानको वातावरण प्रदूषणसम्बन्धी निरीक्षण एवम् अनुगमन | सङ्ख्या | १०३ | २५ | ५ | ५ | वन |
| ८१ | वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि नदीनाला, तालतलैयाको पानी तथा उद्योग, कलकारखानाबाट निष्कासित फोहोर पानी लगायतका नमुना सङ्कलन तथा विश्लेषण | सङ्ख्या | ९१ | ५० | १५ | ३७ | वन |
| ८२ | राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना | वटा | ० | ३० | ३ | १९ | युवा |
| ८३ | अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना | वटा | ० | ११ | ३ | ४ | युवा |
| ८४ | खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षण | जना | १०४ | १०४ | १०४ | १४० | युवा |
| ८५ | सिप परीक्षण तथा प्रमाणीकरण | सङ्ख्या (प्रति हजार) | ५१९.४ | ५० | ५३२ | ५२३.१ | शिक्षा |
| ८६ | दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाइउद्धार | जना | ८४५ | १०० | ८७० | ८७१ | महिला |
| ८७ | सडक बालबालिकाको उद्धार, राहत, पुनर्स्थापना, संरक्षण तथा व्यवस्थापन | जना | ५५५९ | ५०० | ५६८४ | ५९२४ | महिला |
| ८८ | बेवारिस तथा असहाय बालबालिकाको बालगृहमा पुनर्स्थापना | जना | ७११८ | ३५० | ७२०५ | ७१४० | महिला |
| ८९ | हराएकामध्ये फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन | प्रतिशत | ९२.८५ | ९२ | ९२ | ८४.२३ | महिला |

| क्र.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| ९० | सीप विकास तालिम प्राप्त महिला | सङ्ख्या | ४२८९ | ७०६४ | ५०३९ | ५०३९ | महिला |
| ९१ | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको सङ्ख्या | जना (लाख) | २३.८०२ | ३.२१८२ | २५.१ | २६.८४१३ | श्रम |
| ९२ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/ रोजगारदाताको सङ्ख्या | जना (हजार) | २०.९७६ | २.०२४ | २१.८२६ | २२.४९६ | श्रम |
| ९३ | छोटो अवधिको रोजगारउन्मुख व्यावसायिक सीपमूलक तालिम लिने व्यक्तिको सङ्ख्या | जना (हजार) | २४.०८४ | २६.७ | २ | ०.०८ | श्रम |
| ९४ | वैदेशिक रोजगारीमा जाने सीपयुक्त व्यक्तिको सङ्ख्या | प्रतिशत | ७०.६२५ | ८० | २० | ७९.३३ | श्रम |
| ९५ | पुन: एकीकरण कार्यक्रमबाट लाभान्वित हुने व्यक्तिको सङ्ख्या | जना | ५००० | ५००० | १००० | २५५९ | श्रम |
| ९६ | श्रम अडिट गर्ने प्रतिष्ठानको सङ्ख्या | सङ्ख्या | ४२७४ | ५००० | १००० | ५९८ | श्रम |
| ९७ | पर्यटक आगमन | सङ्ख्या (लाख) | ११.२८ | १२.५ | २ | २.२७ | संस्कृति |
| ९८ | ग्रेट हिमालयन ट्रेल निर्माण | कि.मि. | ६४० | २० | ६४४ | ६४४ | संस्कृति |
| ९९ | पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति | सङ्ख्या (हजार) | ६.५७१ | ५.३ | १ | १.५७१ | संस्कृति |
| १०० | प्रतिलिपि अधिकार संरक्षण दर्ता | सङ्ख्या | ३०३४ | ३०० | ३१५९ | ३१९१ | संस्कृति |
| १०१ | अभिलेखको डिजिटाइजेसन | पृष्ठ (लाख) | १२ | ६ | १४ | १३ | संस्कृति |
| १०२ | कल्चरल ट्रेल | कि.मि. | ३३९.२५ | १५ | ३४२.२५ | ३४४.२५ | संस्कृति |
| १०३ | कुल अन्तर्राष्ट्रिय उडान सङ्ख्या | सङ्ख्या (हजार) | ३३.५५ | ३३.६ | १७.६ | १२.६६८ | संस्कृति |
| १०४ | स्थानीय तहबाट प्राप्त भएका आवधिक योजनामा पृष्ठपोषण तथा सुझाव प्रदान | प्रतिशत | १०० | १०० | १०० | १०० | सङ्घीय मामिला |
| १०५ | निजामती कर्मचारी अस्पतालमा बहिरङ्ग सेवा प्रदान (औसत प्रतिदिन) | जना | १११५ | १११५ | १११५ | १०३१ | सङ्घीय मामिला |
| १०६ | कर्मचारी प्रशिक्षण/तालिम (अधिकृत स्तर) | जना | २७५९ | २२०० | ६७५ | ७०५ | सङ्घीय मामिला |

| क.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| १०७ | कर्मचारी सेवाकालीन तालिम (राजपत्र अनङ्कित तथा स्थानीय तहका अधिकृतसमेत) | जना | ६६० | ५७५ | २०० | २२४ | सङ्घीय मामिला |
| १०८ | २४ कोर माथिको अप्टिकल फाइबर विस्तार | कि.मि. | १८१५९ | २३५१ | १८९४४ | १८८६६.८ | सञ्चार |
| १०९ | १२ कोर माथिको अप्टिकल फाइबर विस्तार | कि.मि. | ३१००० | ९००० | ३४५०० | ३४७८४.६ | सञ्चार |
| ११० | फिक्स ब्रोडब्याण्ड सेवा विस्तार | प्रतिशत | ४८.६८ | २.०७ | ४९.१८ | ४९.२३ | सञ्चार |
| १११ | नागरिक एपमा आबद्ध सरकारी सेवा | वटा | ६५ | ५ | ६७ | ६७ | सञ्चार |
| ११२ | फोर जी/एल.टी.ई. सेवा विस्तार | प्रतिशत | ८७.९ | ५.१ | ८९.२ | ८९.२ | सञ्चार |
| ११३ | Government Integrated Office Management System (GIOMS) लागु भएका सरकारी कार्यालय | वटा | १४० | ८६० | ४९५ | १९० | सञ्चार |
| ११४ | एकीकृत वेबसाइट प्रणाली लागु भएका कार्यालय | वटा | १५० | १८५० | ९०० | ५३० | सञ्चार |
| ११५ | स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने महिला | प्रतिशत | ७८ | ८० | ३३ | २६.८ | स्वास्थ्य |
| ११६ | चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला | प्रतिशत | ८९ | ९० | ३८ | ३०.२ | स्वास्थ्य |
| ११७ | तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका | प्रतिशत | ९५ | ९५ | ४० | २३.४ | स्वास्थ्य |
| ११८ | क्षयरोग पहिचान दर | जना (लाख) | १२५ | १३० | ५४ | ४० | स्वास्थ्य |
| ११९ | क्षयरोग उपचार सफलता दर | प्रतिशत | ९३ | ९५ | ९५ | ८६.४१ | स्वास्थ्य |
| १२० | आयुर्वेद सेवा प्राप्त गर्ने जनसङ्ख्या | जना (हजार) | २४१० | २४५० | १००० | ६७२ | स्वास्थ्य |
| १२१ | सार्वजनिक खरिदसम्बन्धी कार्य गर्ने कर्मचारीको क्षमता विकास | जना | ११२३ | १२०० | ५०० | ४६१ | सार्वजनिक खरिद |
| १२२ | सार्वजनिक खरिद कार्यको अनुगमन/अध्ययन विश्लेषण | पटक | १७ | ३३ | १२ | १३ | सार्वजनिक खरिद |
| १२३ | नयाँ परियोजना पहिचान - (PIN) तयारी | वटा | १२७ | ३० | १४४ | १३४ | लगानी बोर्ड |
| १२४ | MoU/लगानी स्वीकृति | रु अर्ब | १६१४ | ३०० | १८१४ | १६२३ | लगानी बोर्ड |

| क्र.सं. | सूचक | इकाइ | २०८२ असारको स्थिति | २०८२/०८३ को वार्षिक लक्ष्य | २०८२ मङ्सिरसम्मको लक्ष्य | २०८२ मङ्सिरसम्मको प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|
| १२५ | वित्तीय व्यवस्थापन/निर्माण कार्य थालनी | रु अर्ब | २०४ | २०० | २५४ | २५५ | लगानी बोर्ड |
| १२६ | लगानी प्रवर्द्धन कार्यक्रम (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) | वटा | १५ | १७ | २ | २ | लगानी बोर्ड |
| १२७ | त्रैमासिक राष्ट्रिय लेखाको प्रारम्भिक अनुमान सार्वजनिक | पटक | ४ | ४ | १ | १ | तथ्याङ्क कार्यालय |
| १२८ | मूल्य सूचकाङ्क सार्वजनिक | पटक | ४ | ४ | १ | १ | तथ्याङ्क कार्यालय |
| १२९ | गणना/सर्वेक्षणका नतिजा तथा विश्लेषण प्रकाशन/सार्वजनिक | सङ्ख्या | २१ | ९ | ४ | ४ | तथ्याङ्क कार्यालय |
| १३० | २०८२ असार मसान्त सम्म कायम रहेको शोधभर्ना (रु १५.२ अर्ब) प्राप्ती | प्रतिशत | ३१ | १०० | ४५ | ४२.६२ | महालेखा |

*स्रोत: एकीकृत अनलाइन अनुगमन प्रणाली*

*•नेपाल राष्ट्र बैंकबाट प्रकाशित कार्तिक महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार*

२०८२।८।१९

# ३. राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति

## ३.१ राजस्व सङ्कलनको प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित बिवरणअनुसार २०८२ मङ्सिर मसान्तसम्ममा वार्षिक कर राजस्व लक्ष्यको २८.८३ प्रतिशत, वार्षिक गैरकर राजस्व लक्ष्यको १५.५९ प्रतिशत र कुल राजस्व लक्ष्यको २७.४५ प्रतिशत सङ्कलन भएको छ।

**तालिका:२- राजस्व सङ्कलनको प्रगति स्थिति (रू. अर्बमा)**

| राजस्व | वार्षिक लक्ष्य | २०८२ मङ्सिर मसान्तसम्म सङ्कलित राजस्व | प्रगति प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | १३२५.८८३९ | ३८२.२३१० | २८.८३ |
| गैरकर राजस्व | १५४.११६१ | २४.०७२७ | १५.५९ |
| **कुल** | **१४८०.००००** | **४०६.३०३७** | **२७.४५** |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

विगत २ वर्षमा वार्षिक लक्ष्यको तुलनामा भएको राजस्व सङ्कलनको अवस्था अध्ययन गर्दा २०८१ मङ्सिर महिनासम्ममा कर राजस्व लक्ष्यको २८.२३ प्रतिशत र गैरकर राजस्व लक्ष्यको २७.४ प्रतिशत गरी कुल राजस्व लक्ष्यको २८.१५ प्रतिशत सङ्कलन भएको थियो भने २०८० मङ्सिर महिनासम्ममा कर राजस्व लक्ष्यको २५.८३ प्रतिशत र गैरकर राजस्व लक्ष्यको २२.४२ प्रतिशत गरी कुल राजस्व लक्ष्यको २५.५५ प्रतिशत सङ्कलन भएको थियो।

**लेखाचित्र: १ - लक्ष्यको तुलनामा राजस्व सङ्कलन (प्रतिशत)**



## ३.२ खर्चसम्बन्धी प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणअनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्ममा २८.७४ प्रतिशत खर्च भएको छ। यसमध्ये चालुतर्फ ३३.७० प्रतिशत, पुंजीगततर्फ ८.३ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ ३५.३२ प्रतिशत खर्च भएको छ।

**तालिका:३- सरकारी खर्चको प्रगति स्थिति (रू. अर्बमा)**

| विषय | चालु | पुंजीगत | वित्तीय | कुल |
|---|---|---|---|---|
| कुल बजेट | ११८०.९८ | ४०७.८८८ | ३७५.२४९ | १९६४.११ |
| २०८२ मङ्सिरसम्मको खर्च | ३९८.०४७२ | ३३.८७४३ | १३२.५३९७ | ५६४.४६१२ |
| **खर्च प्रतिशत** | **३३.७०** | **८.३०** | **३५.३२** | **२८.७४** |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

विगत २ वर्षमा वार्षिक विनियोजनका आधारमा प्रथम ५ महिनाको अवधिसम्म भएको सरकारी खर्च अध्ययन गर्दा २०८१ मङ्सिर महिनासम्म चालुतर्फ ३१.८७ प्रतिशत, पुंजीगततर्फ ११.५८ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ ४१.३२ प्रतिशत गरी कुल २९.८९ प्रतिशत खर्च भएको थियो। त्यसैगरी, २०८० मङ्सिर महिनासम्ममा चालुतर्फ ३१.५३ प्रतिशत, पुंजीगततर्फ ११.९४ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ १८.५२ प्रतिशत गरी कुल २५.८७ प्रतिशत खर्च भएको थियो।

**लेखाचित्र: २ - लक्ष्यको तुलनामा कुल खर्च (प्रतिशत)**



## ३.३ मन्त्रालयगत पुंजीगत खर्चको विवरण

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरण अनुसार विकास निर्माणसँग प्रत्यक्ष सम्बन्ध राख्ने मन्त्रालयहरूमध्ये पुंजीगत खर्चको ४९.६७ प्रतिशत भार रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ११.५६ प्रतिशत, १०.४६ प्रतिशत भार रहेको ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ९.१३ प्रतिशत, १०.२१ प्रतिशत भार रहेको शहरी विकास मन्त्रालयको ३.८८ प्रतिशत पुंजीगत खर्च प्रगति देखिएको छ।

**तालिकाः ४- मन्त्रालयहरूको पुंजीगत खर्च**

| क्र.सं. | मन्त्रालय | पुंजीगत खर्च प्रतिशत | भार (पुंजीगत खर्चमा) |
|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ११.५६ | ४९.६७ |
| २ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ९.१३ | १०.४६ |
| ३ | शहरी विकास मन्त्रालय | ३.८८ | १०.२१ |
| ४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | १३.८२ | ६.९९ |
| ५ | गृह मन्त्रालय | १४.४९ | ६.६४ |
| ६ | अर्थ मन्त्रालय | १६.५३ | ४.६५ |
| ७ | खानेपानी मन्त्रालय | ६.७१ | ३.९५ |
| ८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ११.८५ | १.६३ |
| ९ | परराष्ट्र मन्त्रालय | २७.०६ | १.१५ |
| १० | रक्षा मन्त्रालय | ४.९२ | ०.९१ |
| ११ | युवा तथा खेलकुद मन्त्रालय | ७.९८ | ०.८६ |
| १२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ६.३१ | ०.६४ |
| १३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २३.६ | ०.४९ |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २.४६ | ०.३५ |
| १५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २.९३ | ०.३५ |
| १६ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १५ | ०.३३ |
| १७ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४.६८ | ०.२७ |
| १८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ११.५१ | ०.२१ |
| १९ | वन तथा वातावरण मन्त्रालय | १.६९ | ०.१९ |
| २० | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ५.२४ | ०.०४ |
| २१ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १.३५ | ०.०१७ |
| २२ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०.०५ | ०.०१ |
| कुल | | | १००.०० |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरण अनुसार २०८२ मङ्सिर महिनासम्म नेपाल सरकारको कुल पुँजीगत खर्चको प्रगति ८.३ प्रतिशत रहेकोमा उक्त राष्ट्रिय औसतभन्दा बढी पुँजीगत खर्च गर्ने मन्त्रालयहरूमा परराष्ट्र; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण; कानुन, न्याय तथा संसदीय मामिला; अर्थ; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; गृह; स्वास्थ्य तथा जनसङ्ख्या; शिक्षा, विज्ञान तथा प्रविधि; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गरी ११ वटा मन्त्रालय रहेका छन् भने अन्य ११ वटा मन्त्रालयको पुँजीगत खर्च राष्ट्रिय औसतभन्दा कम भएको देखिएको छ।

**लेखाचित्र: ३- मन्त्रालयहरूको पुँजीगत खर्च (प्रतिशत)**




*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

# ४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

## ४.१ क्रियाकलापको प्रगति स्थिति

आ.व. २०८२/०८३ का लागि विभिन्न ३० वटा मन्त्रालय/निकायको कार्ययोजनामा समावेश भएका कुल ६८३ वटा क्रियाकलापमध्ये २०८२ मङ्सिर मसान्तसम्ममा २.४९ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। आ.व. २०८१/०८२ यही अवधिमा यस्तो प्रतिशत १.९८ र आ.व. २०८०/०८१ मा ६.१२ रहेको थियो। मङ्सिर मसान्तसम्म सम्पन्न हुनुपर्ने गरी निर्धारित ५६ वटा क्रियाकलापमध्ये यस अवधिसम्ममा ३०.४ प्रतिशत सम्पन्न, ६०.७ प्रतिशत चालु र ८.९ प्रतिशत सुरु हुन नसकेको देखिएको छ।

**लेखाचित्र: ४- मङ्सिर महिनासम्म सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति**




सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति क्षेत्रगत रूपमा हेर्दा शासकीय सुधार क्षेत्रको सबैभन्दा बढी ४२.१ प्रतिशत सम्पन्न भएको देखिन्छ भने पूर्वाधार क्षेत्रको कुनै पनि क्रियाकलाप सम्पन्न भएको देखिएको छैन।

**तालिका:५- क्रियाकलापको प्रगति स्थिति**

| क्षेत्र | कुल क्रियाकलाप | २०८२ मङ्सिर महिनासम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शासकीय सुधार | १७१ | १९ | ८ | ४२.१ | ९ | ४७.४ | २ | १०.५ |
| आर्थिक | १९१ | १७ | ६ | ३५.३ | १० | ५८.८ | १ | ५.९ |
| सामाजिक | ११६ | १५ | ३ | २०.० | १० | ६६.७ | २ | १३.३ |
| पूर्वाधार | २०५ | ५ | ० | ०.० | ५ | १००.० | ० | ०.० |
| **कुल** | **६८३** | **५६** | **१७** | **३०.४** | **३४** | **६०.७** | **५** | **८.९** |

## ४.२ माइलस्टोनको प्रगति स्थिति

आर्थिक वर्ष २०८२/०८३ का लागि निर्धारित कुल १,०६१ वटा माइलस्टोनमध्ये मङ्सिर महिनासम्ममा ४.२४ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन्। मङ्सिर महिनासम्म सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका १२६ वटा माइलस्टोनमध्ये ३५.७ प्रतिशत सम्पन्न, ५०.८ प्रतिशत चालु र १३.५ प्रतिशत सुरु नभएको अवस्थामा देखिएका छन्।

**लेखाचित्र: ५- मङ्सिर महिनासम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति**




मङ्सिर महिनाभित्र सम्पन्न हुनुपर्ने विगत ३ वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा २०८० मङ्सिरमा माइलस्टोनको सम्पन्न प्रतिशत ३४.१ रहेको थियो। २०८१ मङ्सिरमा उक्त प्रतिशत १२.५ अङ्कले वृद्धि भएता पनि २०८२ मङ्सिरमा १०.९ अङ्कले घट्न गई ३५.७ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिन्छ।

**लेखाचित्र: ६- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलना (प्रतिशत)**



मङ्सिर महिनाभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति क्षेत्रगत रूपमा विश्लेषण गर्दा शासकीय सुधार क्षेत्रको सबैभन्दा धेरै ४४.७ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने सबैभन्दा कम पूर्वाधार क्षेत्रको १४.८ प्रतिशत सम्पन्न भएका छन्। पूर्वाधार क्षेत्रको १८.५ प्रतिशत र शासकीय सुधार क्षेत्रको १५.८ प्रतिशत माइलस्टोन सुरु नै हुन सकेका छैनन्।

**तालिका: ६- सम्पन्न हुनुपर्ने माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति**

| क्षेत्र | कुल माइलस्टोन | २०८२ मङ्सिर महिनाभित्र | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शासकीय सुधार | २७१ | ३८ | १७ | ४४.७ | १५ | ३९.५ | ६ | १५.८ |
| आर्थिक | २८० | ३४ | १४ | ४१.२ | १८ | ५२.९ | २ | ५.९ |
| सामाजिक | १६५ | २७ | १० | ३७.० | १३ | ४८.१ | ४ | १४.८ |
| पूर्वाधार | ३४५ | २७ | ४ | १४.८ | १८ | ६६.७ | ५ | १८.५ |
| **कुल** | **१०६१** | **१२६** | **४५** | **३५.७** | **६४** | **५०.८** | **१७** | **१३.५** |

त्यसैगरी, मङ्सिर महिनासम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका ४०७ माइलस्टोनमध्ये ५८ प्रतिशत लक्ष्य प्राप्त भएका, ३५.९ प्रतिशत लक्ष्य प्राप्त नभएका र ६.१ प्रतिशत सुरु हुन सकेका छैनन्।

**लेखाचित्र: ७- मङ्सिर महिनाभित्र सुरु हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति**




मङ्सिर महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्लो महिनामा सम्पन्न हुनुपर्ने ४०७ वटा माइलस्टोनको प्रगति क्षेत्रगत रूपमा विश्लेषण गर्दा आर्थिक क्षेत्रको सबैभन्दा बढी ६४

प्रतिशत र पूर्वाधार क्षेत्रको सबैभन्दा कम प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेको देखिन्छ भने शासकीय सुधार क्षेत्रको ११.३ प्रतिशत माइलस्टोन सुरु नै नभएको देखिन्छ।

**तालिका: ७- मङ्सिर महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति**

| क्षेत्र | कुल माइलस्टोन | २०८२ मङ्सिर महिनाभित्र | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | २८० | १०० | ६४ | ६४.० | ३३ | ३३.० | ३ | ३.० |
| सामाजिक | १६५ | ५९ | ३७ | ६२.७ | २० | ३३.९ | २ | ३.४ |
| शासकीय सुधार | २७१ | ११५ | ६५ | ५६.५ | ३७ | ३२.२ | १३ | ११.३ |
| पूर्वाधार | ३४५ | १३३ | ७० | ५२.६ | ५६ | ४२.१ | ७ | ५.३ |
| **कुल** | **१०६१** | **४०७** | **२३६** | **५८.०** | **१४६** | **३५.९** | **२५** | **६.१** |

## ५. क्षेत्रगत प्रगति स्थिति

### ५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति

### ५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

आर्थिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८२ मङ्सिर महिनाभित्र सम्पन्न हुनुपर्ने १७ वटा क्रियाकलापहरूको प्रगति स्थिति हेर्दा ३५.३ प्रतिशत सम्पन्न, ५८.८ प्रतिशत चालु अवस्थामा रहेको र ५.९ प्रतिशत कार्य सुरु नभएको देखिएको छ। क्रियाकलाप सम्पादनको निकायगत तुलना गर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको शतप्रतिशत र अर्थ मन्त्रालयको ८० प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको यस अवधिमा सम्पन्न हुनुपर्ने क्रियाकलाप रहेको देखिँदैन। कृषि तथा पशुपन्छी विकास र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा लगानी बोर्डको कार्यालयको शतप्रतिशत क्रियाकलाप चालु अवस्थामा रहेको देखिएको छ भने वन तथा वातावरण मन्त्रालयको निर्धारित एक मात्र क्रियाकलाप सुरु नै हुन नसकेको देखिन्छ।

तालिका: ८- क्रियाकलापको प्रगति स्थिति: आर्थिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | २०८२ मङ्सिर महिनासम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २२ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | अर्थ | २५ | ५ | ४ | ८०.० | १ | २०.० | ० | ०.० |
| ३ | कृषि तथा पशुपन्छी विकास | ४२ | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| ४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | २६ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| ५ | लगानी बोर्डको कार्यालय | १९ | ६ | ० | ०.० | ६ | १००.० | ० | ०.० |
| ६ | वन तथा वातावरण | २५ | १ | ० | ०.० | ० | ०.० | १ | १००.० |
| ७ | उद्योग, वाणिज्य तथा आपूर्ति | ३२ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | कुल | १९१ | १७ | ६ | ३५.३ | १० | ५८.८ | १ | ५.९ |

### ५.१.२ आर्थिक क्षेत्रको माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको मङ्सिर मसान्तसम्म सम्पन्न हुनुपर्ने ३४ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ४१.२ प्रतिशत सम्पन्न, ५२.९ प्रतिशत चालु अवस्थामा रहेका र ५.९ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। मङ्सिर महिनामा सम्पन्न हुनुपर्ने

माइलस्टोनको सम्पन्न स्थितिलाई निकायगत रूपमा तुलना गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको शतप्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सम्पन्न हुनुपर्ने एउटा माइलस्टोन रहेकोमा चालु अवस्थामा रहेको र बन तथा वातावरण मन्त्रालयको सम्पन्न हुनुपर्ने एक मात्र माइलस्टोन सुरु नै हुन नसकेको देखिएको छ।

**तालिका: ९- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: आर्थिक क्षेत्र**

| क्र.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | २०८२ मङ्सिर महिनासम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | उद्योग, वाणिज्य तथा आपूर्ति | ४६ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २५ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ३४ | ४ | २ | ५०.० | २ | ५०.० | ० | ०.० |
| ४ | अर्थ | ५५ | १४ | ६ | ४२.९ | ७ | ५०.० | १ | ७.१ |
| ५ | लगानी बोर्डको कार्यालय | ३३ | १० | २ | २०.० | ८ | ८०.० | ० | ०.० |
| ६ | कृषि तथा पशुपन्छी विकास | ५४ | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| ७ | वन तथा वातावरण | ३३ | १ | ० | ०.० | ० | ०.० | १ | १००.० |
| कुल | | २८० | ३४ | १४ | ४१.२ | १८ | ५२.९ | २ | ५.९ |

आर्थिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका मङ्सिर महिनाभित्र सम्पन्न हुनुपर्ने विगत ३ बर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत २०८१ मङ्सिरको तुलनामा ९.२ अङ्कले घटेको र चालु अवस्थामा रहेका माइलस्टोन १७.२ अङ्कले बढेको देखिएको छ। यद्यपि, कार्य सुरु नभएका माइलस्टोनको प्रतिशत गत बर्षको तुलनामा ८ अङ्कले घटेको देखिएको छ।

**लेखाचित्र: ८- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थिति: आर्थिक क्षेत्र**



आर्थिक क्षेत्र अन्तर्गतका मङ्सिर महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने १०० वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ६४ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका, ३३ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेका र ३ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। लक्ष्य प्राप्त स्थितिलाई निकायगत रूपमा तुलना गर्दा लगानी बोर्डको कार्यालयको शतप्रतिशत, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको ८० प्रतिशत माइलस्टोनले मङ्सिर महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन्। अर्थ मन्त्रालयको सबैभन्दा कम ३७.५ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन् भने बन तथा वातावरण मन्त्रालयको सबैभन्दा धेरै १३.३ प्रतिशत माइलस्टोन सुरु नै हुन नसकेको देखिएको छ।

**तालिका: १०- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: आर्थिक क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | २०८२ मङ्सिर महिनाभित्र | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | लगानी बोर्डको कार्यालय | ३३ | ४ | ४ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २५ | १० | ८ | ८०.० | २ | २०.० | ० | ०.० |
| ३ | कृषि तथा पशुपन्छी विकास | ५४ | ३० | २१ | ७०.० | ९ | ३०.० | ० | ०.० |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति | ४६ | १३ | ८ | ६१.५ | ५ | ३८.५ | ० | ०.० |
| ५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ३४ | २० | १२ | ६०.० | ७ | ३५.० | १ | ५.० |
| ६ | बन तथा वातावरण | ३३ | १५ | ८ | ५३.३ | ५ | ३३.३ | २ | १३.३ |
| ७ | अर्थ | ५५ | ८ | ३ | ३७.५ | ५ | ६२.५ | ० | ०.० |
| **कुल** | | **२८०** | **१००** | **६४** | **६४.०** | **३३** | **३३.०** | **३** | **३.०** |

आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको मङ्सिर मसान्तसम्म सम्पन्न वा सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने १३४ वटा माइलस्टोनमध्ये ५१ वटा माइलस्टोन चालु अवस्थामा रहेका छन्। चालु अवस्थाका माइलस्टोनहरूलाई प्रगति प्रतिशतको आधारमा विभिन्न पाँच चरणहरूमा बाँडेर विश्लेषण गर्दा सम्पन्न वा सुरु हुनुपर्नेमध्ये २.२ प्रतिशत माइलस्टोनको ८० प्रतिशतभन्दा बढी प्रगति देखिएको छ। त्यसैगरी, ६० देखि ८० प्रतिशत प्रगति हासिल गर्ने माइलस्टोन ४.५ प्रतिशत, ४० देखि ६० प्रतिशत प्रगति हासिल गर्ने माइलस्टोन ९ प्रतिशत, २० देखि ४० प्रतिशत प्रगति हासिल गर्ने माइलस्टोन ३ प्रतिशत, २० भन्दा कम प्रतिशत प्रगति हासिल गर्ने माइलस्टोन १९.४ प्रतिशत रहेको देखिएको छ।

## तालिकाः ११- चालु अवस्थाका माइलस्टीनको प्रगति स्थितिः आर्थिक क्षेत्र

| क.सं. | मन्त्रालय /निकाय | सम्पन्न वा लक्ष्य प्राप्त हुनुपर्ने कुल | सम्पन्न/ लक्ष्य प्राप्त | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका माइलस्टोन प्रतिशत | | | | | | शुरु नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ८०-१०० | ६०-८० | ४०-६० | २०-४० | ०-२० | कुल चालु | |
| १ | अर्थ | २२ | ९ | १ | २ | ६ | ० | ३ | १२ | १ |
| २ | उद्योग | १५ | १० | ० | १ | १ | ० | ३ | ५ | ० |
| ३ | कृषि | ३१ | २१ | २ | २ | ३ | १ | २ | १० | ० |
| ४ | भूमि | १२ | १० | ० | ० | ० | २ | ० | २ | ० |
| ५ | वन | १६ | ८ | ० | १ | ० | ० | ४ | ५ | ३ |
| ६ | संस्कृति | २४ | १४ | ० | ० | २ | १ | ६ | ९ | १ |
